AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# सम्पर्कमा रहने

Australia मा तपाईँको बसोबासको सहयोगको लागि तपाईँको समुदायसित सम्पर्कमा रहनु एउटा महत्वपूर्ण उपाय हो। Australia मा सामाजिक तथा सामुदायिक समूहहरूसित सम्पर्क कायम गरिराखेमा यसबाट तपाईँको क्षेत्रमा महत्वपूर्ण नेटवर्क उपलब्ध हुन्छ। Australia मा खुशीको अनुभव गरिराख्नको लागि तपाईँको साथीहरू र विदेशमा रहेका परिवारसित सम्पर्क भैरहनु पनि महत्वपूर्ण हुन्छ।

## सामुदायिक तथा सामाजिक क्लबहरू

Australia को हरेक क्षेत्रमा सहायता उपलब्ध गराउने विभिन्न खालका आप्रवासी सेवाहरू प्रदान गर्छ। त्यहाँ सामुदायिक सङ्गठन, खेलकूद सङ्गठन र सामाजिक समूहहरू पनि छन् जहाँ तपाईँले अन्य मानिसहरूसित भेटघाट गर्न सक्नुहुन्छ र नयाँ अनुभव हासिल गर्ने वा पुराना चाहनाहरुलाई निरन्तरता दिन सक्नुहुन्छ।

## पुस्तकालयहरू

सार्वजनिक पुस्तकालयहरूमा प्रायः विभिन्न भाषाहरूमा पढ्ने सामग्रीहरू पाइन्छ जुन तपाईँले पछि फिर्ता गर्ने गरी घरमा लिएर आउन वा पुस्तकालयमा नै बसेर पढ्न सक्नुहुन्छ। अधिकांश पुस्तकालयहरूमा निःशुल्क इन्टरनेट सेवा र प्रयोगका लागि कम्प्युटरहरू पनि उपलब्ध छन्।

## टेलिभिजन र रेडियो

एसबीसी अर्थात् स्पेशल बोर्डकाष्टिंग सर्भिस (Special Broadcasting Service - SBS) ले टेलिभिजन र रेडियोमार्फत विभिन्न समुदायका भाषाहरूमा समाचार दिने गर्दछ।

## फोनहरू

ल्याण्डलाइन वा मोवाइल फोनहरूमा टेलिफोनमार्फत कुराकानी गर्न सकिन्छ। स्थानीय क्षेत्रमा गरिने कलहरु सबभन्दा सस्तो हुन्छन्। लामो दूरीमा र विदेशमा गरिने फोनहरु महङ्गो हुनसक्छन्। केही पसलहरू जस्तो किन्युज एजेण्ट वा पत्रिका पसलहरू र मिनिमार्केटले विशेष खालका फोनकार्डहरू बिक्री गर्ने गर्दछन् र ती कार्डहरूको प्रयोग गरेर सस्तो दरमा विदेशमा कुराकानी गर्न सकिन्छ।

तपाईँको घरमा ल्याण्डलाईन टेलिफोन सेवा जोड्न सकिन्छ। टेलिफोन सेवाहरू उपलब्ध गराउने धेरै कम्पनीहरू यहाँ छन्। प्रायः तपाईँले टेलिफोन जडान शुल्क तिर्नुपर्ने हुन्छ र त्यसपछि सो फोन प्रयोग गरेबापत तपाईँलाई मासिक रूपमा बिल पठाउने गर्छन्।

मोवाइल फोन प्रयोगका लागि धेरै सजिलो हुन्छन् तर यो निकै महङ्गो हुनसक्छन्। मोवाइल फोन कि त योजनाहरू अन्तर्गत वा अग्रीम रकम भुक्तानीमार्फत उपलब्ध छन्। तपाईँले फोनकलमा कति रकम खर्च गर्ने भन्ने कुराको सीमा तय गर्ने सवालमा अग्रीम रकम तिरेर प्रयोग गर्ने विकल्प किफायती हुन्छ। यसरी प्रयोग गरिने मोवाइल फोनमा तपाईँले पहिला नै रकम भुक्तानी गर्नुभएको हुन्छ र जब पैसा सकिन्छ थप पैसा जम्मा नगरून्जेल तपाईँले फोन गर्न सक्नुहुन्न तपाईँले धान्न सक्नेभन्दा बढी कहिल्यै पनि खर्च नहुने भएकोले निश्चित रकम मात्र खर्च हुने पूर्व भुक्तानी योजना तपाईँका लागि फाइदाजनक हुन्छ।

यदि तपाईँले योजनाको फोन लिन खोज्नु भएमा तपाईँले करारमा सही गर्नुपर्ने हुन्छ र हरेक महिना निश्चित रकम भुक्तानी गर्नुपर्ने हुन्छ। ती योजनाहरूमा कुनै अतिरिक्त खर्च विना तपाईँले निश्चित सङ्ख्यामा कलहरू गर्न पाउने व्यवस्था हुन्छ, तर तपाईँले आफ्नो योजनाले दिएभन्दा बढी कल गर्नु भएमा अतिरिक्त शुल्कहरू तिर्नुपर्ने हुन्छ।






## चिठ्ठी

Australia र विदेशका अधिकांश ठेगानाहरूमा तपाईँले चिठ्ठी तथा पार्सलहरू पठाउन सक्नुहुन्छ। तपाईले हुलाक टिकट हुलाक कार्यालयहरुमा खरिद गर्न सक्नुहुनेछ। Australia को ठेगानामा भन्दा विदेशी ठेगानाहरूमा चिठ्ठी पठाउँदा हुलाक टिकटको मूल्य निक्कै बढी पर्ने गर्छ।

## इन्टरनेट

सम्पर्कमा रहिरहने अर्को उपयोगी तरिका इन्टरनेट हो। घरमा इन्टरनेटको प्रयोग गर्न तपाईँसित कम्प्युटर हुनु जरूरी छ र त्यसलाई इन्टरनेट सेवा प्रदायक (Internet Service Provider - ISP) मार्फत इन्टरनेट जोड्नु आवश्यक हुन्छ। तपाईँले स्मार्ट फोनहरू र ट्याब्लेटहरुमापनि इन्टरनेट प्रयोग गर्न सक्नुहुन्छ र् जुन निकै सजिलो हुन्छ तर यो निकै महङ्गो पर्नसक्छ। इन्टरनेट सेवा प्रदान गर्ने (ISPs) धेरै कम्पनीहरू यहाँ छन् र तिनीहरू सबैको अलग अलग मासिक भुक्तानी योजनाहरू छन्। केही प्रदायक कम्पनीहरूसित कुराकानी गरेर आफ्नो लागि सबभन्दा उत्तम तथा आर्थिक रूपमा किफायती कुन हुन्छ भन्ने कुराको निर्क्यौल गर्नु राम्रो हुन्छ।

यदि तपाईंसित कम्प्युटर छैन वा घरमा इन्टरनेट जोडिएको छैन भने तपाईँले स्थानीय पुस्तकालयमा निःशुल्क प्रयोग गर्न पाउनु हुन्छ। यदि तपाईँले पहिला कम्प्युटर प्रयोग गर्नु भएको छैन भने वा कम्प्युटरको प्रयोग गर्न आउँदैन भने तपाईँको स्थानीय पुस्तकालयमा कम्प्युटर र इन्टरनेट प्रयोग गर्न सिकाउने कक्षाहरू सञ्चालन भएको हुनसक्छ।






Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM